" समृद्ध खाँदबारी नगर "

# खाँदबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खाँदबारी, सङ्खुवासभा

प.सं.: २०८२/०८३
च.नं.: ९३८

कोशी प्रदेश, नेपाल।
मिति : २०८२।०४।२१

## व्यवसाय दर्ता गर्नेसम्बन्धी अत्यन्त जरुरी सूचना !

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस नगरपालिकाको व्यवसाय करसम्बन्धी कार्यविधि, २०७६ को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा, कलकारखाना वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको ३५ (पैतिस) दिनभित्र देहायका विवरण तथा कागजात संलग्न राखी नगरपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको म्यादभित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यवसायलाई नगरपालिकाको व्यवसाय करसम्वन्धी कार्यविधि, २०७६ को दफा १६ बमोजिम निजलाई कार्यालयबाट फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर वा नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर वा बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर वा करदाताको कारोबार रोक्का गरेर वा करदाताको चल तथा अचल सम्पत्ति दावी वा रोक्का गरेर वा करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी लिलामविक्री गरेर निजबाट लिनुपर्ने व्यवसाय कर असूल उपर गरी सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यवसाय बन्दको कारवाही समेत चलाउन सकिनेछ भन्ने व्यवस्था भएकाले समयावधि भित्रै व्यवसाय दर्ता गर्नु/गराउनुहुन सूचित गरिन्छ।

**देहाय :**

क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,
ख) प्रचलित कानूनबमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,
ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि, भिषा, राहदानी, नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी गरिएको सिफारिस पत्र, हालसम्म कुनैपनि अभियोग प्रमाणित नभएको नेपाल प्रहरीको हाल मितिकै प्रहरी रिपोर्ट,
घ) सम्बन्धित वडा कार्यालयको सिफारिस वा सर्जमिन मुचुल्का,
ङ) फर्म, कम्पनी लगायत आदी व्यवसाय कम्पनी राजिष्टार कार्यालयमा दर्ता भएको प्रमाणपत्र वा इजाजत पत्रको प्रतिलिपी,
च) व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडाको सम्झौता पत्र, पानी विजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजातहरु),
छ) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो।

..................
विमल वानिया
अधिकृत छैठौं

..................
पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत